पाल्हीनन्दन गाउँपालिका फोन नं. ९८५७०४६०३६
**Palhinandan Rural Municipality**
गाउँ कार्यपालिकाको कार्यालय
**Office of Municipal Executive**
कुश्मा, नवलपरासी (ब.सु.प.) लुम्बिनी प्रदेश,नेपाल
**Kushma, Nawalparasi (Ba. Su. Pa.),Lumbini Province, Nepal**

पत्र संख्या:-/ Ref No. ०८०/८१
चलानी नं.:-/ Dispatch No : १४३८

मिति: २०८०/१०/११

श्री विद्यालयहरु (सबै),
पाल्हीनन्दन गाउँपालिका, नवलपरासी (ब.सु.प.)।

**राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन सम्बन्धमा।**

चालु शैक्षिक सत्र २०८० मा १८ वर्ष भन्दा मुनिका कक्षा १२ सम्म नियमित अध्ययनरत छात्र/छात्राहरु आ-आफ्नो समूह बीच स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०८० अन्तर्गत पाल्हीनन्दन गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको मिति २०८०/१०/०८ को निर्णयानुसार मिति २०८० माघ २२ गतेदेखि माघ २४ गतेसम्म श्री हरपुर माध्यमिक विद्यालय पाल्हीनन्दन-२, हरपुर को ग्राउण्डमा देहाय अनुसार दोस्रो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन हुने भएकोले प्रतियोगितामा सहभागी हुन पाल्हीनन्दन गाउँपालिका भित्रका सम्पूर्ण विद्यालयहरुले राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका २०७० (पाँचौ संशोधन सहित) को अनुसूची-१ अनुसार फाराम भरी आवश्यक कागजातहरु सहित रीतपूर्वक प्रतियोगिता सञ्चालन हुने विद्यालयमा मिति २०८० माघ १८ गते दिनको ४:०० बजेभित्र सहभागी खेलाडीहरुको विवरण पेश गर्नुहुन सम्बन्धित विद्यालयहरुलाई यसै सूचना द्वारा अनुरोध गरिन्छ।

१. **सञ्चालन हुने खेलहरु:**

**राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, को अनुसूची-४, बमोजिम सञ्चालन हुने खेलहरु:**

१. **भलिबल तर्फ:** छात्र/छात्रा
२. **कबड्डी तर्फ:** छात्र/छात्रा
३. **एथ्लेटिक्स:**

**क) दोड (ट्रयाक) तर्फ:**

**छात्र:** १०० मि., २०० मि., ४०० मि., ८०० मि., १५०० मि., ३००० मि., ४ x १०० मि. रिले, ४x ४०० मि. रिले।

**छात्रा:** १०० मि., २०० मि., ४०० मि., ८०० मि., १५०० मि., ३००० मि., ४x१०० मि. रिले, ४x ४०० मि. रिले।

**ख) उफ्रने र फ्याँक्ने (फिल्ड) तर्फ:**

**छात्र:** हाइजम्प, लङजम्प, ट्रिपलजम्प, ज्याभलिङ थ्रो ८०० ग्राम, सटपुट १२ पाउन्ड।

**छात्रा:** हाइजम्प, लङजम्प, ट्रिपलजम्प, ज्याभलिङ थ्रो ६०० ग्राम, सटपुट ८ पाउन्ड।

Website: http:// palhinandanmun.gov.np, Email:
palhinandanrulmun2073@gmail.com,info@palhinandanmun.gov.np

'नतिजामुखी प्रशासन, समृद्धि र सुशासन।'
"कर आफू पनि तिरौ, अरुलाई पनि कर तिर्न प्रोत्साहन गरौं।"

शिक्षा अधिकृत

पाल्हीनन्दन गाउँपालिका फोन नं. ९८५७०४६०३६
Palhinandan Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
कुश्मा, नवलपरासी (ब.सु.प.) लुम्बिनी प्रदेश,नेपाल
Kushma, Nawalparasi (Ba. Su. Pa.) Lumbini Province, Nepal

पत्र संख्याः-/ Ref No. ०८०/८१
चलानी नं.:-/ Dispatch No :

४. मार्सल आर्ट तर्फः

(क) कराँतेः (प्रत्येक तौल समूहमा १/१ जना)

छात्रः U-४२ केजी, U-४७ केजी, U-५२ केजी, काता एकल

छात्राः U-४० केजी, U-४५ केजी, U-५० केजी, काता एकल

(ख) तेक्वान्दोः

छात्रः U-४५ केजी, U-४८ केजी, U-५१ केजी

छात्राः U-४२ केजी, U-४४ केजी, U-४६ केजी

२. **खेल अवधिमा खेलाडीको व्यवस्थापन लगायतका विषयमा विद्यालयले देहाय अनुसार गर्नु पर्नेछः**

क) प्रत्येक विद्यालयबाट १ पुरुष र १ महिला संरक्षक शिक्षक विद्यार्थीका साथमा अनिवार्य सहभागी हुनुपर्नेछ ।

ख) स्वास्थ्यको मापदण्ड पालना गर्नुपर्ने भएकोले प्रत्येक विद्यालयबाट प्रधानाध्यापक, खेल शिक्षक तथा सहभागी खेलाडीहरुले विद्यालयको झण्डा, औपचारिक पोसाकमा अनिवार्य मार्चपासमा भाग लिनु पर्नेछ ।

ग) खेलाडी विद्यार्थीहरुलाई अनुशासित, मर्यादित, संयमित र सुरक्षित रुपमा खेल प्रतियोगितामा सहभागी गराउन आवश्यक सम्पूर्ण व्यवस्था गर्नुपर्नेछ ।

घ) संरक्षक शिक्षक मध्ये १ जनालाई समूह व्यवस्थापकको जिम्मेवारी सहित विद्यालयले सहभागीहरुको नामावली माघ १८ गते भित्र श्री हरपुर माध्यमिक विद्यालय हरपुर मा उपलब्ध गराउनु पर्नेछ ।

३. **निर्देशनः**

क) एथ्लेटिक्स प्रतियोगितामा प्रत्येक विद्यालयले रिले खेलका हकमा महिला तथा पुरुष रिलेको प्रत्येक इभेन्ट्समा १/१ समूह मात्र र अन्य प्रत्येक इभेन्ट्समा १/१ खेलाडीलाई सहभागी गराउन सक्नेछन्। एथ्लेटिक्स् इभेन्ट्सका प्रत्येक खेलाडीले बढीमा एक फिल्ड दुई ट्याक वा दुई फिल्ड एक ट्याकमा भाग लिन पाउने छन्।

ख) प्रत्येक विद्यालयले भलिबल र कबडी खेलतर्फ बढीमा ९/९ जनासम्म खेलाडी छात्र/छात्राहरु पठाउन सक्नेछन्।

प्रमोद यादव
शिक्षा अधिकृत

Website: http:// palhinandanmun.gov.np, Email:
palhinandanrulmun2073@gmail.com,info@palhinandanmun.gov.np

पाल्हीनन्दन गाउँपालिका फोन नं. ९८५७०४६०३६
**Palhinandan Rural Municipality**
गाउँ कार्यपालिकाको कार्यालय
**Office of Municipal Executive**
कुश्मा, नवलपरासी (ब.सु.प.) लुम्बिनी प्रदेश,नेपाल
**Kushma, Nawalparasi (Ba. Su. Pa.) Lumbini Province, Nepal**

पत्र संख्या:-/ Ref No. ०८०/८१
चलानी नं.:-/ Dispatch No :

पाल्हीनन्दन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बैलासपुर, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम) लुम्बिनी प्रदेश, नेपाल

ग) चालु शैक्षिक सत्र २०८० मा गाउँपालिका क्षेत्र भित्रका विद्यालयहरुमा कक्षा १२ सम्म नियमित रुपमा अध्ययनरत रहेका १८ वर्ष मुनिका विद्यार्थीहरु मात्र प्रतियोगितामा सहभागी हुन पाउने छन्।

घ) प्रतियोगितामा सहभागी खेलाडी/विद्यार्थीहरुले एक खेल विधामा मात्र सहभागी हुन पाउने छन्।

ङ) अन्तराष्ट्रियस्तरको प्रतियोगितामा पदक विजेत खेलाडीलाई यस प्रतियोगितामा सहभागी गराइने छैन।

च) प्रतियोगितामा सहभागी हुनका लागिं खेलाडीहरुलाई जन्म दर्ताको सक्कलै प्रमाण पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

छ) सहभागी खेलाडी विद्यार्थीहरुको उमेरको विषयमा विवाद भएमा निजको कक्षा ८ को लब्धांक पत्रमा उल्लेखित जन्ममितिलाई आधार मानिनेछ।

ज) महंगा गरगहना, नगद, मोबाइल, घडी लगायतका सामग्री खेल अवधिभर साथमा राख्न नपाइने भएकोले सोही बमोजिम स्वयंमले व्यवस्थापन गर्नु पर्नेछ। यदि हराएमा, चोरी भएमा आयोजक जवाफदेही हुने छैन।

झ) खेल अवधीभरमा कुनै विवाद उत्पन्न भएमा आयोजकको निर्णय नै अन्तिम हुनेछ।

ञ) प्रतियोगिता सम्बन्धी अन्य व्यवस्था राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७७ (पाँचौ संशोधन सहित) अनुसार हुनेछ।

प्रमोद यादव
शिक्षा अधिकृत

**बोधार्थ:**

१. श्री सूचना तथा प्राविधि शाखा: *यो सूचना पालिकाको वेभ साइटमा अपलोड गरिदिनु हुन।*
२. श्री सबै वडा (१-६) कार्यालयहरु-सूचना सम्प्रेषण गर्नुहुन।

अनुसूची-१

## सहभागी हुने भर्नु पर्ने फारामको ढाँचा

(दफा ९ को उपदफा (१) र उपदफा (६), दफा १२ को उपदफा (१) र दफा १४ को उपदफा (१) सँग सम्बन्धित)

१. सहभागी विद्यार्थीको नाम:

२. विद्यालयको नाम र ठेगाना:

क) शैक्षिक सत्र २०८० मा अध्ययनरत कक्षा:

(ख) विद्यार्थीको इमिसको कोड नं. :

फोटो

३. जन्म मिति:

४. सहभागी हुने खेल:

५. सहभागी हुने विद्यार्थीको हस्ताक्षर:

उल्लेखित व्यहोरा ठीक साँचो हो। माथि उल्लेखित विवरण भएको विद्यार्थी खेलाडी राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका-२०७७ (पाँचौ संशोधन सहित) को मापदण्ड विपरित र अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक विजेता खेलाडी नभएको व्यहोरा प्रमाणित गर्ने:

प्रधानाध्यापकको नामथर:

हस्ताक्षर:

मोबाइल नं.:

विद्यालयको छाप:

खेलाडीको जन्म दर्ताको प्रमाणपत्र अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ

प्रमोद यादव
शिक्षा अधिकृत

पाल्हीनन्दन गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल

# पाल्हीनन्दन गा.पा.अन्तर विद्यालय दोस्रो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०८०

हभागी विद्यालयको नाम र ठेगानाः

छात्र/छात्रा जम्मा सहभागी खेलाडी संख्याः

| .सं. | खेलाडीको नाम थर | कक्षा | जन्म मिति | ट्र्याक इभेन्टस् | | | | | | | | फिल्ड इभेन्टस् | | | | | भलिवल | कबड्डी | कराँटे | तेक्वान्दो | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १००मी. | २००मी. | ४००मी. | ८००मी. | १५००मी. | ४x१००रिले | ४x४००रिले | ३०००मी. | हाइ-जम्प | लङ-जम्प | ट्रिपलजम्प | जेभलिन | सटपुट | | | | | |
| १ | | | | | | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | | | | | | | | | | |
| १० | | | | | | | | | | | | | | | | | | | | | |
| ११ | | | | | | | | | | | | | | | | | | | | | |
| १२ | | | | | | | | | | | | | | | | | | | | | |
| १३ | | | | | | | | | | | | | | | | | | | | | |
| १४ | | | | | | | | | | | | | | | | | | | | | |
| १५ | | | | | | | | | | | | | | | | | | | | | |

कुद शिक्षक/प्रशिकको
थरः
खतः

विद्यालयको छाप

प्रधानाध्यापक
नामः
दस्तखतः

प्रमोद यादव
शिक्षा अधिकृत